# स्थानीय राजपत्र


## मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः८ संख्याः१ मितिः २०८१।०२।८


भाग–२

**मालिकार्जुन गाउँपालिका**

| | |
|---|---|
| गाउँ कार्यपालिकाबाट स्वीकृत मिति | २०८१।०२।०५ |

## विद्यालय अनुदान कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० (दोस्रो संशोधन, २०८१)

**संशोधित प्रस्तावनाः**

स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनका लागि मालिकार्जुन गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कक्षागत तथा विषयगत शिक्षक दरबन्दीको अभाव न्यूनीकरण गर्न, योग तथा खेल सह प्रशिक्षक, विद्यालय कर्मचारी, छात्रवृत्ति, विद्यालय प्रोत्साहन अनुदान लगायतका विद्यालयमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गरी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि गाउँपालिकामा एक विद्यालय अनुदान कोष स्थापना गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र मालिकार्जुन गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७९ को परिच्छेद (६), दफा (३०) उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१।०२।०५ को बैठकले यो कार्यविधिको दोस्रो संशोधन गरी जारी गरेको छ ।

१. कार्यविधिको दफा (१) संक्षिप्त नाम र प्रारम्भमा "(दोस्रो संशोधन २०८१)" थप गरिएको ।

२. कार्यविधिको दफा ४ को खण्ड (ञ) मा "माथिका बुँदाहरूमा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि आधारभूत तथा माध्यमिक तहमा न्यूनतम विषयगत दरबन्दी सुनिश्चत हुने गरी स्थानीय राहत कोटा वितरण गर्न बाधा पुऱ्याएको मानिने छैन" लाई संशोधन गरी देहायबमोजिम कायम गरिएको।

तपसिलः

"माथिका बुँदाहरूमा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि आधारभूत तथा माध्यमिक तहमा न्यूनतम विषयगत तथा कक्षागत दरबन्दी सुनिश्चत हुने गरी स्थानीय राहत कोटा वितरण गर्न बाधा पुऱ्याएको मानिने छैन"

३. कार्यविधिको दफा ११ को उपदफा (३) "स्थानीय राहत शिक्षक अनुदानमा कार्यरत शिक्षकलाई माध्यमिक तहको हकमा मासिक रु ३०,०००।(तिस हजार मात्र) र आधारभूत तह (६-८) को हकमा रु २५०००।(अक्षरेपि पच्चीस हजार मात्र) का दरले बाह्र महिनाको पारिश्रमिक र वर्षको एक पटक पोशाक भत्ता उपलब्ध गराइनेछ ।" लाई संशोधन गरी देहायबमोजिम कायम गरिएको छ ।

तपसिलः

"स्थानीय राहत शिक्षक अनुदानमा कार्यरत शिक्षकलाई माध्यमिक तहको हकमा मासिक रु ३०,०००। (तीस हजार मात्र), आधारभूत तह (६-८) को हकमा रु २५०००। (अक्षरेपि पच्चीस हजार मात्र) र आधारभूत तह (१-५) को हकमा रु २००००। (अक्षरेपि बीस हजार मात्र) का दरले बाह्र महिनाको पारिश्रमिक र वर्षको एक पटक पोशाक भत्ता उपलब्ध गराइनेछ ।"

४. कार्यविधिको दफा १९ मा तपसिल बमोजिम थप गरिएकोः

"१९(क). बालबिकास सहजकर्ता नियुक्त गर्न सक्नेः गाउँपालिकाले विद्यालय अनुदान कोषबाट पारिश्रमिक भुक्तानी हुनेगरी आवश्यकताको आधारमा आधारभूत तथा माध्यमिक विद्यालयहरुमा बालविकास सहजकर्ताको कोटा उपलब्ध गराउन सक्नेछ ।

१९(ख). बालबिकास सहजकर्ता कोटा निर्धारण सम्बन्धी मापदण्डः (१) बालबिकास सहजकर्ता कोटा निर्धारण तपसिलका आधारमा गरिने छ ।

क) बालबिकास सहजकर्ता नभएका आधारभूत तथा माध्यमिक तह सञ्चालित विद्यालयहरु
ख) गाउँपालिकाले अनुमति दिएर खोलेका विद्यालयहरु
१९(ग). बालबिकास सहजकर्ता छनौट सम्बन्धी व्यवस्था मालिकार्जुन गाउँ शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ । छनौट सम्बन्धी अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
१९(घ). बालबिकास सहजकर्ताको पारिश्रमिक नेपाल सरकारले निर्धारण गरेको न्यूनतम ज्यालामा नघट्ने गरी उपलब्ध गराउनु पर्नेछ ।"

आज्ञाले
नर बहादुर ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत